

# Q & A



### के गृहकार्य नगरी हुन्दैन?

हो, स्कूलले दिएको गृहकार्य नभुलिकन अवश्य गर्नुहोस्। गृहकार्य गर्ने बानीले बालबालिकाले नबुझेको ठाउँ बुझ्ने, कक्षाको तयारी गर्ने र दोहोराएर पढ्ने बानी बस्छ । साथै, गृहकार्य घरमा गरिने महत्त्वपूर्ण अध्ययनको समय बन्छ।

### कक्षाको पढाई बुझ्दिन। के गर्दा होला ?

सर्वप्रथम, क्लास टिचरसंग छलफल गर्नुहोला। साथै, भाषा सल्लाहाकार अथवा अनुबाद गर्न सक्ने व्यक्ति या साथीलाई सहयोग माग्ने, स्कूलमा सोध्नको लागि संगै गए पनि हुन्छ। तर, बच्चालाई भने अनुवादको लागि अनुरोध गर्न मिल्ने छैन किन भने बालबालिकाहरुलाई वयस्क मान्छेले गरेको कुराकानीको अनुबाद गर्न गार्हो हुन्छ। साथै, बालबालिकाले कति सम्म अनुबाद गर्न सक्छन् या सक्दैनन् भनेर शिक्षक तथा अभिभावकलाई पनि मुल्यांकन गर्न गार्हो हुन्छ। स्कूलमा गार्हो या अफठ्यारो परेको बेला के गर्दा हुन्छ भनेर स्कूलमा छलफल・सल्लाह गरिराखौं ।

### जापानमा कसरी रिजल्टको निर्णय गरिन्छ?

स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)मा जांचमा प्राप्त गर्ने अंकले मात्र रिजल्टको निर्णय हुन्दैन। कक्षामा लिने भाग या अध्ययनमा दिइने जोड, गृहकार्य आदि बुझाउन पर्ने सामाग्री बुझाएको या नबुझाएको , हरेक दिनको क्रियाकलाप हेरेर मूल्यांकन गरिने र ग्रेड निर्धारण हुन्छ ।

### के स्कूल भर्ना हुन अघि हिरागाना जानेर बसे राम्रो हो?

स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)मा भर्ना भए पछि हिरागाना अध्ययन गरिन्छ। तर हिरागाना जानेपछि किताबको पढाई सुरु हुने भने होइन। हिरागाना पढ्दै त्यहि समयमा विभिन्न विषयका कक्षामा जापानी भाषामा लेखिएका किताब पढ्ने, जापानी भाषामा नोट लेख्ने गरिन्छ। पढ्ने र लेख्ने प्रक्रियालाई दोहोराउने गर्दा हिरागाना प्रयोग हुन्छ वा जानिन्छ। हिरागाना पढ्न अथवा लेख्न समय लग्यो भने, कक्षाको पढाई बुझ्न गार्हो हुँदै जान्छ। मनमा डर लागेकाहरुले भने स्कूल भर्ना हुनु अघि बाटनै हिरागाना पढ्ने र लेख्ने अभ्यास गर्यो भने राम्रो हुन्छ।


**愛知教育大学 外国人児童生徒支援リソースルーム**

〒448-8542 愛知県刈谷市井ヶ谷町広沢１ TEL：0566-26-2219
e-mail：gendaigp@auecc.aichi-edu.ac.jp FAX：0566-26-2566


愛知教育大学 リソースルーム

ネパール語版
नेपाली संस्करण

विदेशी परिवारहरुको लागि

# जापानको स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय) भर्ना हुनु अघि (अध्ययन पुस्तिका)

「जापानी भाषा बोल्ने」 र
「जापानी भाषामा अध्ययन गर्ने



चित्रण: मोरिता केन्गो

## सिक्ने・अध्ययन गर्ने कुराको रमाईलोपनलाई महत्त्व दिउँ

### अहिले तपाईको बच्चाले कस्ता सपना बोकेका छन्?

बालबालिकाका सपना अनन्त हुन्छन्। स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)मा प्रवेश गरे पछि अध्ययन सुरु हुने, आफु सिपालु र कम्जोर भएको क्षेत्र साथै सामाजिक संरचना र त्यसको चाल बारे बुझ्दै जाने र कल्पना गरेका सपनाहरू पनि ठोस हुँदै जान्छन्। विदेशी मूलका परिवार भएकै कारण जापानीहरु संग नभएको सम्भावना र विकल्पहरू छान्न या चयन गर्न पनि सकिन्छ। धेरै भन्दा धेरै नयाँ कुराहरु सिक्नाले र धेरै ज्ञान प्राप्त गर्नाले सपनाको सम्भावनाहरू पनि अझै बढ्दै जान्छ। "नबुझेको कुरा बुझ्नेमा खुसी लाग्ने " "अझै धेरै जान्न・सिक्न मन लाग्ने", त्यौनै "सिक्ने・अध्ययन गर्ने कुराको रमाईलोपन" हो। सिक्ने・अध्ययन गर्ने कुराको रमाईलोपनले पक्कै पनि जीवनलाई समृद्ध बनाउँन्छ।



# स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)को पहिलो वर्षको विद्यालय जीवन



**सामान्यतया, 「क्लास टिचर」(एक वर्ष भरी कक्षा हेर्ने शिक्षक) ले सबै कार्य गर्दछन्।**

सम्बन्धित स्योउ-गाक्कोउ (प्राथमिक विद्यालय)को एक दिनको दिनचर्या (उदाहरण)

| समय | |
|---|---|
| | विद्यालय आउने |
| 8:15 | बिहानको गतिबिधि |
| 8:35 | बिहानको मीटिंग |
| 8:55 | पहिलो घन्टी **जापानी भाषा** |
| 9:40 | विश्राम समय (ट्राइलेट・तयारी) |
| 9:50 | दोश्रो घन्टी **शारीरिक शिक्षा** |
| 10:35 | विश्राम समय |
| 10:55 | तेश्रो घन्टी **गणित** |
| 11:40 | विश्राम समय (ट्राइलेट・तयारी) |
| 11:50 | चौथो घन्टी **नैतिक शिक्षा** |
| 12:35 | लन्च |
| 13:15 | सरसफाई |
| 13:35 | दिउँसोको विश्राम |
| 14:00 | पाँचौ घन्टी **कक्षाको गतिविधि** |
| 14:45 | घर फर्कने अघिको मिटिंग |
| 15:00 | घर फर्कने समय |



## पाठ्यक्रम अध्ययन

**जापानी भाषा** : जापानी भाषा प्रयोग गरेर , [कुराकानी」「सुन्ने」「लेख्ने」「पढ्ने」,सोच र अभिव्यक्ति क्षमताको विकास गरिन्छ। जापानी भाषालाई विदेशी भाषाको रूपमा भने सिकाउने होइन।

**गणित:** संख्या, हिसाब, मापन, मात्रा र आकार आदि बारे अध्ययन हुन्छ। रुलर (स्केल) को प्रयोग गरिन्छ।

**जीवनयापन** : गतिबिधि अथवा अनुभव मार्फत, समाज र प्रकृति संग जोडिदै, आफ्नो बारे सोचिन्छ । जीवनयापनको लागि आवश्यक बानी र सीपहरू बारे पनि अध्ययन गरिन्छ।

**चित्रकला・हस्तशिल्पकला:** चित्र कोर्ने, सामग्री बनाउने जस्ता कार्य गरिन्छ। कैंची र गम (टांस्ने वस्तु) प्रयोग गरिन्छ।

**संगीत** : गीत गाउने तथा वाद्ययन्त्र प्रयोग गरेर विभिन्न गीत बजाइने गरिन्छ। केही विद्यालयहरूमा किबोर्ड हार्मोनिका पनि प्रयोग गर्ने गरिन्छ।

**शारीरिक शिक्षा** : खेलकुद अथवा गेम हलमा डच बल या डोरी खेल (स्किप्पिंग) आदि विभिन्न खेल खेलिन्छ। त्यस समयमा खेलकुद कपडा लगाइन्छ ।

**नैतिक शिक्षा** : समाजमा जीवनयापन गर्ने क्रममा आवश्यक नियम र नैतिक ज्ञान बारे अध्ययन गर्दै, 「सामाजिक प्राणीको रुपमा राम्रोसँग बाँच्नको लागि महत्त्वपूर्ण कुरा के हो ?」「आफू कसरी बाँच्नु पर्दछ」 भन्ने बारे सोचिन्छ ।

## पाठ्यक्रम बाहेकको अध्ययन

**लन्च** : लन्च बालबालिकाको स्वास्थ्य, शारीरिक र मानसिक विकासलाई ध्यानमा राखी बनाईएको हुन्छ। लन्च या लन्चको तयारी, मिलाउने कार्य गर्दै जाँदा बालबालिकाहरुले उचित खाने बानी र खानाको बारेमा ज्ञान सिक्दछन्।

**सरसफाई** : कक्षाका साथी संग मिलेर सरसफाई गरिन्छ। साथै, समूहको एक सदस्यको रुपमा, आफुलाई दिएको जिम्मेवारी पुरा गर्नुको अर्थ महसुस गर्दछन्।

**कक्षा गतिबिधि** : विद्यालयमा अधिक भन्दा अधिक राम्रो जीवनयापन गर्नको लागि गतिबिधि संचालन गरिन्छ। कक्षा अंकको आधारमा सञ्चालन गरिन्छ र स्कूल जीवनको अनुकूलता मुख्य लक्ष्य हो।

## < मातृभाषाको विकास गरौं! >

बालबालिकाहरुको लागि मातृभाषा महत्त्वपूर्ण हुन्छ। मातृभाषाको विकास गर्नु भनेको बालबालिकाको सोच र अभिव्यक्ति क्षमताको विकास गर्नु हो। सोच र अभिव्यक्ति क्षमताको विकास गर्यो भने जापानी भाषा अध्ययनमा पनि उपयोगी हुन्छ। विपरित अर्थमा भन्नु पर्दा, सोच्ने क्षमताको विकास नभएमा जापानी भाषामा अध्ययन गर्न मात्र नभई निर्णय गर्न पनि गाह्रो हुने गर्दछ। त्यसो भए बालबालिकाको मातृभाषा (भाषा क्षमता) को विकास कसरी गर्न सकिन्छ? त्यसको उत्तर चाहिँ घरको बुवा र आमाले प्रयोग गर्ने शब्द प्रयोग गरेर विभिन्न अनुभवहरू गर्नु हो। घरका व्यक्तिले बालबालिकालाई पढेर सुनाउने, आज के भयो भनेर अथवा घटेको घटना एक-अर्कालाई सुनाउने गर्दा, बालबालिकाको भाषा क्षमतामा विकास हुँदै जान्छ। हरेक दिन घटेको घटना बारे रमाइलो तरिकाले कुरा गरौँ।